लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुम (पूर्वी भाग)

फोन: ०८८-४१३११३
Website:- csirukumeast.lumbini .gov.n
E-mail csidb.rukumeast@gmail.com

सुपथ मूल्य पसल सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !

दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/१३

लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, रुकुम (पूर्वी भाग) को आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुपथ मूल्य पसल कार्यक्रम संचालन गर्न पुथा उत्तरगंगा गाउँपालिका वडा नं. ६ को डिम्मुरगैरा भन्ने स्थानका लागि प्रथम पटक मिति २०८३/०६/०६ गते सिलबन्दी प्रस्ताव आह्वानका लागि सूचना प्रकाशन भएकोमा प्रस्ताव पेस गर्ने अन्तिम मिति २०८३/०६/१२ गते साँझ ५:०० बजे सम्ममा कुनै पनि प्रस्ताव पेस हुन नआएको हुँदा पुनः दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिन भित्र कार्यालय समय साँझ ५:०० बजे सम्म इच्छुक संस्थाहरुबाट प्रस्ताव पेश गर्नुहुन यसै सूचनाबाट जानकारी गराइन्छ साथै प्रस्तावको ढाँचा यस कार्यालयबाट वा कार्यालयको बेवसाइट www. *csirukumeast.lumbini .gov.np* बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

१. संस्था दर्ताको प्रमाणपत्रको छायाँकपी,
२. संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको छायाँकपी,
३. आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको छायाँकपी,
४. संचालकको बैयक्तिक विवरण,
५. कार्यक्रम संचालनका लागि घरजग्गाको विवरण खुल्ने कागजात,
६. संचालकको नागरिकताको प्रमाणपत्रको छायाँकपी र सम्पर्क नम्बर,
७. सुपथ मूल्य पसल संचालनका लागि घर जग्गा हुनुपर्ने वा भाडा लिएको भए घर जग्गा धनी सँगको सम्झौता पत्र,
८. उपलब्ध गराउन सक्ने खाद्यवस्तुहरुको सूची,
९. संचालकको प्रतिबद्धता पत्र ।

द्रष्टव्यः

- म्याद नाघी आएका प्रस्तावहरु स्वतः रद्द हुनेछ। थप जानकारीका लागि कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुखको सम्पर्क नं. ९८५७८४२११३/९८६८९५६४८७ मा सम्पर्क गर्नुहोला ।

२०८३।६।१३
सन्तोष मल्ल
(निमित्त कार्यालय प्रमुख)
नि. उद्योग अधिकृत